आज मिति २०८१ साल असोज ०८ गते मंगलबार दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको चौथो वैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| | श्री देवराज ढकाल | | प्रशासन अधिकृत |

श्री [illegible] | [illegible]

श्री हरि पराजुली | इन्जिनियर

आर्थिक वर्ष २०८१/०८२ को चौथो नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु

(२०८१/०६/०८)

१. स्थायी नियुक्ती सम्बन्धमा,
२. चाडवाड वाटो सरसफाई सम्वन्धमा,
३. लागत सहभागितामा खानेपानी योजना सम्बन्धमा ।
४. वजार अनुगमन सम्बन्धमा
५. विविध

निर्णय नं. १

प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश, पोखराको च.नं. २१८, मिति २०८१/०५/३० गतेको उम्मेदवार सिफारिस पत्र तथा गण्डकी प्रदेशवाट जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १६ को उपदफा (१) वमोजिम मनरा शिसवा नगरपालिका-१०, महोत्तरीका श्री रितीकेश झालाई यस नगरपालिकामा रिक्त रहेको स्थानीय कृषि सेवा, भेटेरिनरी समूह, अधिकृतस्तर सातौं तहको पशु चिकित्सक पदमा मिति २०८१/०६/१० गते देखि लागू हुने गरी स्थायी नियुक्ति गर्नको लागि नगर प्रमुखवाट पेश भएको प्रस्ताव स्वीकृत गर्ने र सोको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

भिमाद नगरपालिकाको क्षेत्रभित्र रहेका ग्रामिण सडकहरु वर्षाका कारण यातायात सुचारु हुन नसकेको र महान चाडहरु दशै, तिहार जस्ता चाडवाडहरुमा आउने सर्वसाधरणहरुलाई गन्तव्य सम्म पुग्नका लागि असहज भएकाले वडागत रुपमा रहेका मुख्य सडक मार्गहरु सरसफाई गरी सहज र सरल ढङ्गवाट आवतजावतमा सहजिकरण गर्न ३ दिन भित्र वडावाट प्राविधिक खटाइ लागत अनुमान तयार गरी पेश गर्ने र सो लागत अनुमान प्राप्त हुनासाथ वाटो सरसफाइ प्रकृया आरम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं.१४८ लागत सहभागितामा खानेपानी तथा मर्मत सम्भार शिर्षकबाट (७०/३० को लागत सहभागिता) लागत अनुमान र सम्वन्धित वडाको सिफारिस सहित माग हुन आएका देहाय वमोजिमका योजनाहरुमा ७० प्रतिशत नगरपालिका र ३० प्रतिशत उपभोक्ताको लागत सहभागिताको प्रावधान अनुसार संचालन हुने गरी देहाय वमोजिमका योजनाहरुमा देहाय अनुसार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.न. | योजनाको नाम | योजना स्थल | कुल लागत रु. | विनियोजन गरिएको वजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सालचौतारा लिफ्टिङ खानेपानी मर्मत | वडा नं. ४ | १५८०००। | १४२०००।- | |
| २ | पाहार्दी जौपानी सोक्मादि खानेपानी योजना उपभोक्ता समिति | वडा नं. ४ | १०७९२५। | ७७४८४। | |

निर्णय नं. ४

चाडपर्वको समय नजिकिदै आइरहेको अवस्थामा वजारमा हुनसक्ने मूल्यवृद्धि, अखाद्य तथा म्याद गुज्रीएका वस्तुहरु विक्रीवितरणमा नियन्त्रण र नियमनको लागि नियमितरुपमा अनुगमन गर्नुपर्ने भएकोले तत्काले वजार अनुगमन गरी प्रतिवेदन पेश गर्न वजार अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

यस नगरपालिकाको विविध समस्याका सम्वन्धमा छलफल गर्न गृह मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयहरुमा जानुपर्ने भएकोले नगर प्रमुखको संयोजकत्वमा निम्न सदस्यहरु रहेको टोली पठाउने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १.संयोजक | श्री दधिराज सुवेदी | नगर प्रमुख |
| २.सदस्य | श्री पदमराज सेन ठकुरी | प्रवक्ता एवं अध्यक्ष वडा नं.३ |
| ३.सदस्य | श्री श्याम सुन्दर जोशी | अध्यक्ष वडा नं.६ |

निर्णय नं. ६

भिमाद नगरपालिका वडा नं. ५ र ३ स्थित मालेवगर देखि सुनाकोट सडक खण्डमा ग्राभेल गर्नका लागि भिमाद-५ वान्टयाङ खोलावाट ग्राभेल ढुवानी गर्न मिति २०८१/०५/०३ गते सम्बन्धित उपभोक्ता समितिले यस कार्यालयमा निवेदन दिइएको र प्राविधिक टोलीले प्रतिवेदन समेत उपलब्ध गराएकाले वर्षातमा वाढीले वगाएर ल्याएको नदिजन्य पदार्थ थुप्रिदा वान्टयाङ खोलामा रहेको ह्युम पाइप भन्दा माथि खोलाको पानी बग्ने भई आवतजावतमा अवरुद्ध हुनुका साथै वारी पारी रहेका जमिन तथा भौतिक संरचनामा समेत क्षति पुगेको तथा मानवीय जोखिमको पनि सम्भावना रहेकाले त्यस क्षेत्रमा रहेका नदिजन्य पदार्थ निकाली खोलालाई सिधा बनाउने र त्यसो गर्दा निस्कने ३५३.९७ घनमिटर सामाग्रीको रु.१२८८००।-राजश्व लिइ मालेवगर देखि सुनाकोट सडक आकस्मिक मर्मत योजना उपभोक्ता समितिलाई प्रयोग गर्न दिने साथै प्राविधिक प्रतिवेदन बमोजिम यस योजनाको मिति २०८१ कार्तिक १५ गते सम्म म्याद थप गर्ने समेत निर्णय गरियो ।

निर्णय नं. ७

भिमाद नगरपालिका वडा नं.१ को कार्यालयमा सेवाग्राहीहरुलाई गर्मि याम तथा वर्षातको समयमा सेवा लिन असहज भएकाले वडा कार्यालय परिसरमा सेवाग्राही प्रतिक्षालय निर्माणको लागि प्राविधिक लागत अनुमान वमोजिमको रकम रु.३२२०००।-सि.नं.१५६ को पुँजिगत सुधार खर्च सार्वजनिक निर्माण शिर्षकवाट विनियोजन गरी निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.८

भिमाद नगरपालिका वडा नं.४ अन्तरगत पर्ने भिमगोफा मोटर मार्ग ग्राभेलिङ योजनाका लागि मिति २०८१/०३/१६ गते रु ४९४२१६.५४।- रुपैयामा सम्झौता भएको तर विविध कारणवस कार्य सम्पन्न हुन नसकेकाले हाल सम्म भएको कामको नापजाँच गरि आ.व.०८१/८२ मा विनियोजित नगर विकास योजनाको सि.नं.१३४ को भिमगोफा मोटर मार्ग ग्राभेलिङ योजना, वाड नं ४ कार्यक्रम शिर्षकवाट प्राविधिक मुल्याङ्कनको आधारमा भुक्तानी प्रक्रिया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. ९

यस कार्यालयमा २ नं. वडा कार्यालयवाट योजनाको नाम संशोधन तथा योजना संशोधनका लागि सिफारिस भै आएकोले देहाय वमोजिमका योजनाहरुको आगामी नगरसभा अधिवेशनवाट अनुमोदन हुने गरी नाम संशोधन तथा योजना संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | साविक योजनाको नाम | योजनास्थल | वजेट रु. | संशोधन भै कायम हुने योजनाको नाम |
|---|---|---|---|---|
| १ | आँपस्वारा सिद्धगुफा मोटर मार्ग नाला तथा ढलान निर्माण योजना सि.नं. १३६ | भिमाद -२ | १० लाख | आँपस्वारा सिद्धगुफा पर्यटन मोटर मार्ग नाला तथा ढलान निर्माण योजना |
| २ | वाल विकास मा.वि ट्रस निर्माण सि.नं.६ | भिमाद-२ | २ लाख | वाल विकास मा.वि ग्याविन वाल निर्माण योजना |

निर्णय नं. १०

यस वर्षको भाद्र महिनाको दोस्रो हप्ता आएको अविरल वर्षका कारण वडा नं.५ मा रहेको वानटाङ खोला कल्भट मर्मत/संरक्षण एवं खोला व्यवस्थापन कार्यको प्राविधिक मुल्याङ्कन वमोजिम रु.४९७८५।- श्री पाटन बाराही कन्स्ट्रक्सन प्रा.लि.भिमाद-५ लाई नगरपालिकाको विपद व्यवस्थापन कोष शिर्षकवाट भुक्तानी दिने र सोको खर्च आगामी विपद व्यवस्थापन समितिको वैठकवाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.११

भिमाद नगरपालिकामा देहाय अनुसार कार्यक्रमहरु संचालनको लागि विभिन्न निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको देहायको शीर्षकवाट देहाय अनुसार रकम विनियोजन तथा भूक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना | रकम माग गर्नुपर्ने कारण | प्राविधिक लागत अनुमान/प्रस्तावता भए/नभएको | विनियोजित/भूक्तानी रकम | शिर्षक नं. र नाम |
|---|---|---|---|---|---|---|
| १. | टेक बहादुर श्रेष्ठ | भिमाद-६ | पहिरो रोकथाम | भएको | १००००।र १८*२४ को त्रिपाल थान एक | विपद व्यवस्थापन कोषवाट |
| २. | डेनमार्क पहिरो ढिक तारबार योजना | भिमाद-६ | जोखिम न्युनिकरण गर्न | भएको | १४५०००।- | |
| ३. | माझकोट मोटर मार्ग ढुङ्गे खण्ड समेत मर्मत योजना | भिमाद-४ | सडक अवरुद्ध | भएको | १४३०००।- | |
| ४. | बाघकुना देखि | भिमाद- | भिमकाली मोटर | भएको | ७०००।- | सि.नं.१४६ अन्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शितल चौतारी खानेपानी पाइप | ६ | मार्ग निर्माणक्रममा पाइप टुक्रा टुक्रा भएको | | | खानेपानी योजना |
| २. | आसपाक्दी भाटडाडाँ खानेपानी मर्मत | भिमाद-९ | खानेपानी अवरुद्ध | भएको | ८९००।- | |
| ६. | सिस्नेरी ठुलाफाँट लिफ्ट सिंचाई योजना मर्मत | भिमाद-७ | लिफ्टिङ सिंचाई अवरुद्ध | भएको | ६६५२५।- | सि.नं.१५१ नगरकार्यपालिकाको निर्णयानुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एंव गत आ.वको भुक्तानी बाँकी योजनाहरु समेत |
| ३. | भिमगोफा मोटरमार्ग मर्मत | भिमाद - २ | बाटो अबरुद्ध | भएको | २८२२२।- | |

निर्णय नं १२

भिमाद नगरपालिका कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा जडान गरेका विद्युतीय हाजिरीलाई व्यवस्थित गर्दै अभिलेख र प्रतिवेदन गर्ने तथा हाजिरी अभिलेखिकरण गर्ने कार्यलाई सुव्यवस्थित गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी भिमाद नगरपालिकाको विद्युतिय हाजिरी प्रणाली (संचालन तथा व्यवस्थापन) सम्वन्धी निर्देशिका,२०८१ र विषयगत सिकाई सहजीकरणलाई सरल, सहज तरिका वा विधीको खोजी गरी विद्यालयमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुको क्षमता विकास गरी पठनपाठनमा देखिएका समस्याहरु समाधान गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी भिमाद नगरपालिकाको विषयगत शिक्षक सिकाइ समूह गठन तथा परिचालन निर्देशिका,२०८१ छलफलका लागि बैठकमा पेश भयो ।यस सम्बन्धमा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

चालु आर्थिक वर्ष २०८१/०८२ मा खरिद गर्नुपर्ने स्वास्थ्य/आयुर्वेद सम्वन्धी औषधीजन्य सामाग्रीहरुको दररेट कायमका लागि ३/३ वटा फर्महरुवाट माग गरिएको दररेटका आधारमा औषत दररेट कायम गरी, औषत मूल्यको १५ प्रतिशत छुट गरी दररेट कायम गर्नको लागि भिमाद स्वास्थ्य शाखा र आयुर्वेद औषधालयवाट पेश भएको स्वास्थ्य/आयुर्वेद सम्बन्धी औषधिजन्य सामाग्रीहरुको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

भिमाद नगरपालिका वडा नं.६ मा संघीय आयोजना कार्यान्वयन इकाई, कास्कीबाट कार्यान्वयन भएको वडा नं.६ को प्रशासनिक भवन भिमाद नगरपालिकालाई हस्तान्तरण गरी दिन उक्त कार्यालयलाई अनुरोध गर्ने र उक्त योजनाको निर्माण कम्पनीबाट संघीय आयोजना कार्यान्वयन इकाईलाई हस्तान्तरण हुने अवधिसम्म हुने सामान्य क्षति प्रति नगरपालिका उत्तरदायी तथा जिम्मेवार रहने समेत निर्णय गरियो ।

निर्णय नं.१५

भिमाद नगरपालिकामा कार्यालय प्रमुखको रुपमा आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री कमलप्रसाद पुनज्यूलाई कार्यालयमा हार्दिक स्वागत गर्दै यस कार्यालयवाट सरुवा भै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाडौं जानुभएका प्रमुख प्रशासकीय अधिकृत श्री मोहन प्रसाद मरासिनीज्यूले यस नगरपालिकामा गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै आगामी दिनको उज्वल भविष्यको कामना गरिन्छ ।